लुम्बिनी प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्याः २०८२/०८३

चलानी नं.

लुम्बिनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय राप्ती उपत्यका (देउखुरी), नेपाल

मितिः २०८३।०१।११

## आशयपत्र (Letter of Interest) आह्वान सम्बन्धी सूचना

रोल्पा, बर्दिया, रूकुम पूर्व र अर्घाखाँची जिल्लाका सबै स्थानीय तह

उपरोक्त सम्बन्धमा नेपालको संविधान, प्रचलित कानुन तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू अनुसार अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण, सामाजिक समावेशीकरण तथा पुनःस्थापना राज्यको प्राथमिक दायित्व रहेको छ। यसै सन्दर्भमा लुम्बिनी प्रदेश सरकारले अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम सम्बन्धी कार्यविधि, २०८२ पारित गरी प्रदेश सरकार, स्थानीय तह तथा साझेदार संस्थाबीच लागत साझेदारीमा स्थानीय तहमार्फत कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको व्यहोरा जानकारी गराइन्छ।

यसैअनुसार मिति २०८३ बैशाख ७ गते बसेको अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम सम्बन्धी निर्देशक समितिको बैठकको निर्णय बमोजिम कार्यक्रम कार्यान्वयनको पहिलो चरण अन्तर्गत रूकुम पूर्व, रोल्पा, बर्दिया तथा अर्घाखाँची जिल्लाका स्थानीय तहहरूमा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरिएको छ।

यस सन्दर्भमा, छनौट भएका जिल्लाभित्रका सबै स्थानीय तहहरूबाट कार्यविधिको दफा ८ बमोजिम कार्यक्रम सञ्चालनका लागि आवश्यक लागत साझेदारी तथा कार्यान्वयन प्रतिबद्धता सहित दफा १० बमोजिमको आशयपत्र (Letter of Interest) सहितको प्रस्ताव मिति २०८३ बैशाख २५ गतेभित्र यस मन्त्रालयमा आइपुग्ने गरी पेश गर्न आह्वान गरिन्छ।

उक्त अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम सम्बन्धी कार्यविधि, २०८२ यस मन्त्रालयको वेबसाइट mosd.lumbini.gov.np मा उपलब्ध रहेको व्यहोरा समेत जानकारी गराइन्छ।

थप विवरण आवश्यक परेमा यस मन्त्रालयको सामाजिक विकास महाशाखामा सम्पर्क गर्न अनुरोध गरिन्छ।

(सम्झना सुवेदी)
वरिष्ठ महिला विकास अधिकृत